# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जामुनबारी झापा, कोशी प्रदेश, नेपाल

## बोलपत्र फाराम

## कनकाई नगरपालिका अन्तर्गत आ.व. २०८२/०८३ को आन्तरिक आय

## दुर्गापुर बजार सम्पूर्ण क्षेत्र ठेक्का

सम्झौता संकेत नं.: KANAKAI/IR/2082/083-03

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जामुनबारी, झापा कोशी प्रदेश, नेपाल

**दोस्रो पटक जारी मितिः २०८२/०३/३२**

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**कनकाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
जमुनबारी झापा, कोशी प्रदेश, नेपाल
फोन: ०२३-४०११५५, इमेल: kanakai.mun@gmail.com

## आन्तरिक आयको विद्युतीय बोलपत्र आह्वानको सूचना तथा जानकारी

सूचना प्रकाशित मितिः २०८२/०३/३२

१. कनकाई नगरपालिका अन्तर्गत आ.व. २०८२/८३ को आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ तथा नगर कार्यपालिकाको निर्णयानुसार बोलपत्रको माध्यमबाट योग्य फर्म/कम्पनी छनौट गर्नुपर्ने भएको हुनाले तपसिल कार्यको लागि इच्छुक सम्पूर्ण कम्पनी/फर्मको जानकारीको लागि विद्युतीय बोलपत्र आह्वानको सूचना प्रकशित गरिएकोछ। बोलपत्र सम्बन्धी मूख्य विवरण तपशिल बमोजिम रहेको छः:

तपशिलः

| क्र. स. | सम्झौता संकेत नं.: | कार्य तथा अन्तरिक आय संकलन क्षेत्र | आ.व. २०८२/८३ को लागि न्यूनतम रकम मू.अ.क सहित (रु.) | बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय | बोलपत्र फाराम शुल्क | बोलपत्रको मान्य हुने अवधी | बोलपत्र जमानत रकम (वैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | KANAKAI/IR/2082/83-03 | दुर्गापुर बजार सम्पूर्ण क्षेत्र , क.न.पा, वडा नं. ६ | १,५०,००० ।- | २०८२ साउन ७ गते, मध्यान्ह १२:०० बजे | रु १००० | ४५ दिन | कबोल रकमको न्यूनतम ५ प्रतिशत | ७५ दिन |

२. उल्लेखित कार्य संग सम्बन्धित थप जानकारी यस नगरपालिकाबाट प्राप्त गर्न सकिने छ। बोलपत्र सम्बन्धी फारम तथा विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा संचालित विद्युतीय खरिद प्रणाली (https://bolpatra.gov.np/egp/) मा उपलब्ध छ।

३. बोलपत्र फाराम शुल्क (बोलपत्र दस्तुर) यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड सुरुङ्गामा रहेको आन्तरिक राजस्व खाता नम्बर १४७०३०००००१००१००००१ मा जम्मा गरी बुझिने गरी भौचर स्क्यान गरी संलग्न/अपलोड गर्नु पर्नेछ।

४. इच्छुक बोलपत्र दाताले माथि उल्लेखित मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा संचालित विद्युतीय खरिद प्रणाली (https://bolpatra.gov.np/egp/) मार्फत बोलपत्र पेश गर्नु पर्नेछ।

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

५. तोकिएको मिति र समयभित्र प्राप्त भएका बोलपत्र पेश गर्ने अन्तिम मिति र समय पश्चात १५ मिनेटको अन्तरालमा क्रमश: उपस्थित हुन चाहने बोलपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा यस नगरपालिकाको कार्यालयमा खोलिनेछ तर बोलपत्रदाताका प्रतिनिधिको उपस्थिति नभए पनि प्राप्त भएका बोलपत्रहरु खोल्न कुनै बाधा पर्ने छैन।

६. बोलपत्रको मान्य हुने अवधी बोलपत्र खोलिएको दिन देखि गणना हुनेछ।

७. बोलपत्र साथ माथिको तालिकामा उल्लेख भए बमोजिम बोलपत्र जमानत पेश गर्नु पर्नेछ र उक्त बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्रको मान्य हुने अवधि भन्दा कम्तिमा ३० दिन बढी अवधि सम्मको हुनु पर्नेछ।

८. बोलपत्र दाताले बोलपत्र जमानत बापत नगदै राख्न चाहेमा यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं.: १४७०३००००३०००००००००१ मा जम्मा गरी बुझिने गरी भौचर स्क्यान गरी संलग्न/अपलोड गर्नु पर्नेछ।

९. एक बोलपत्र दाताले एक्लै वा संयुक्त उपक्रमको रुपमा एउटा मात्र बोलपत्र पेश गर्न पाउने छ। कुनै बोलपत्रदाता ले एक भन्दा बढी बोलपत्र पेश गरेको अवस्थामा त्यस्तो बोलपत्रहरु मान्य हुने छैन।

१०. नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाको सहयोगमा संचालित आयोजनाको हकमा त्यस्तो दातृ संस्थाबाट कुनै बोलपत्रदातालाई कालो सूचीमा राखी बोलपत्र पेश गर्न अयोग्य ठहर भएको भए त्यस्ता बोलपत्र दातालाई नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाबाट कालो सूचीमा राख्न घोषित अवधि सम्म बोलपत्र पेश गर्न ग्राह्य हुने छैन।

११. बोलपत्र तयारी तथा यस प्रक्रियामा सहभागी हुनु पूर्व कार्यस्थलको सम्पूर्ण जानकारी प्राप्त गर्न बोलपत्रदाताले आफ्नै खर्च, जिम्मेवारी र जोखिममा स्थलगत निरीक्षण गर्न सक्नेछ।

१२. बोलपत्र संग सम्बन्धित सम्पूर्ण कागजातहरु नेपाली वा अंग्रेजी भाषामा हुनेछन ।

१३. **बोलपत्र सम्बन्धी कागजातमा रहेका कुनै विषयमा स्पष्ट हुन चाहने इच्छुक बोलपत्र दाताले बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति भन्दा पाँच दिन अगावै नगरपालिकामा सम्पर्क गरी स्पस्टिकरण प्राप्त गर्न सक्नेछन ।**

१४. बोलपत्रदाताले पेश गर्ने बोलपत्रमा निम्न कागजातहरु बुझिने गरी भौचर स्क्यान गरी संलग्न/अपलोड गर्नु पर्नेछ:

**क. बोलपत्र दाखिला पत्र(Letter of Bid) सहितको बोलपत्र कागजात (Bid Document)**

**ख. कानूनी ग्राह्यता सम्बन्धी कागजातहरु:**

- **सम्बन्धित क्षेत्रमा कार्य गर्ने गरी स्थापना भएको संस्था (फर्म/कम्पनी) दर्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नुपर्ने, उद्देश्य खुल्ने कागजातको प्रतिलिपि समेत)**
- **उल्लेखित कार्य गर्न सम्बन्धित निकाय बाट जारी इजाजतपत्र (प्रतिलिपि पेश गर्नु पर्ने)**
- **स्थायी लेखा (PAN) तथा मू.अ. कर (VAT)दर्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नु पर्ने)**
- **आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नु पर्ने)**

**ग. बोलपत्र जमानत (नगद जम्मा वा बैंक जमानत)**

**घ. अख्तियारी पत्र (बोलपत्र मा संचालक बाहेको हस्ताक्षर भएमा)**

**ङ. अंकित मूल्य सूची**

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जामुनबारी, झापा कोशी प्रदेश, नेपाल

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१५. बोलपत्र टाइप गरिएको वा नमेटिने मसीले लेखिएको र अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ। कुनै थपघट, फेरबदल, केरमेट गरिएको वा सच्याइएको स्थानमा सोहि व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ।

१६. पेश भएका बोलपत्रको पूर्णता ग्राह्यता तथा कबोल रकमको मूल्यांकन गरी सबै भन्दा बढी रकम कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही बोलपत्र छनौट गरिनेछ।

१७. बोलपत्रदाताले बोलपत्रफारममा आफुले कवोल गरेको रकम अंक र अक्षर प्रष्ट हुनेगरी उल्लेख गर्नुपर्नेछ। कबोल रकमको अंक र अक्षरमा रकम फरकपरेमा अक्षरमा लेखिएको रकमलाई आधारमानी कूल कबोल रकम गणना गरिनेछ।

१८. बोलपत्र फारम र विद्‌युतीय प्रणाली (eGP) मा उल्लेखित रकम फरक परेमा बढी कबोल रकम स्वीकार गरिनेछ।

१९. सम्झौता गर्नु अघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनै पनि बोलपत्र स्वीकार वा अस्वीकार गर्ने वा बोलपत्रको प्रक्रिया रद्ध गर्ने वा सम्पूर्ण बोलपत्र अस्वीकार गर्ने अधिकार नगरपालिका निहित रहनेछ। यसरि रद्ध वा अस्वीकार गर्दा बोलपत्रदाता प्रति नगरपालिकाको कुनै दायित्वर हुने छैन।

२०. नगरपालिकाले बोलपत्र स्वीकृतिको जानकारी "स्वीकृति पत्र" मार्फत छनौट भएको बोलपत्रदातालाई र अन्य सबै सहभागी बोलपत्रदाताहरुलाई पत्र वा इमेल वा सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।उक्त सूचना जारी भएको मितिले ७ (सात) दिन भित्र कबोल रकमको कम्तिमा एक तिहाई रकम (नगरपालिकाको आन्तरिक राजश्व खाता १४७०३०००००१००१००००००१ मा नगद जम्मा गरेको भौचर) पेश गरी सम्झौता गर्नुपर्नेछ । उक्त सम्झौता पश्चात पौष महिनाको मसान्त भित्र एक तिहाई रकम र चैत्र मसान्त भित्र बाँकी सबै रकम जम्मा गर्नु पर्ने छ ।

२१. सम्झौता पूर्व कबोल रकम नगरपालिकामा एकमुष्ट बुझाएमा कवोल रकमको १० प्रतिशत छुट दिइनेछ र यस्तो अवस्थामा कार्यसम्पादन जमानत आवश्यक पर्नेछैन। सम्झौता भए पश्चात कार्यदिश वा चलान पूर्जि जारी भए पश्चात सम्झौता प्रारम्भ भएको मानिनेछ।

२२. प्रस्तावित कार्यको निमित्त छनौट भएको बोलपत्रदाता बोलपत्र प्रक्रियाको प्रतिस्पर्धामा सहभागी हुँदा कुनै किसिमको भ्रष्टाचार वा जालसाजीजन्य कार्यमा संलग्न भएको ठहरिएमा नगरपालिकाले त्यस्तो बोलपत्रदातासँग खरिद सम्झौता गर्न अस्विकार गर्नेछ।

२३. अन्य व्यावस्था प्रचलित कानून बमोजिम हुनेछ।

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जागुनबारी, भापा
कोशी प्रदेश, नेपाल

Scanned with CamScanner

## सम्झौताका शर्तहरु

१. छनौट भएको व्यावसायीले नगरपालिकाले तोकेको दरमा कर/ शुल्क संकलन गर्नु पर्नेछ।
२. सम्झौता कार्यान्वयन लागि आवश्यक पर्ने सबै प्रकारका जनशक्ति तथा श्रोत साधनको व्यावस्था छनौट भएको व्यावसायीले गर्नु पर्नेछ।
३. कबोल गरि कायम हुने रकम किस्तामा रकम बुझाउ नचाहने बोलपत्रदाताले समान मासिक वा त्रैमासिक किस्तामा नगरपालिकाले उपलव्ध गराएको बैंक खातामा जम्मा गरि भुक्तानी गर्नु पर्नेछ।
४. सम्झौता बमोजिमको रकम बुझाउन/ भुक्तानी गर्न ढिलाई गरेमा क बर्गको बाणिज्य बैंकको मुद्दती निक्षेपको ब्याजदर अनुसार थप शुल्क भुक्तानी गर्नु पर्नेछ। यस्तो ढिलाई ६० दिनभन्दा बढी भएमा सम्झौता अन्त्य गरि जमानत रकम कट्टा गरि असुलउपर गरिनेछ।
५. बोलपत्रदाताले प्रचालित कानून बमोजिमको आचरण पालना गर्नु पर्नेछ।
६. उल्लेखित कार्यको लागि हुने सम्झौताको अवधि एक बर्षको हुनेछ।
७. सम्झौताका शर्तहरु सम्झौताका कुनै पक्षले पालना नगरेमा कम्तिमा ३५ दिनको अग्रिम जानकारी दिएर अर्को पक्षले सम्झाता अन्त्य गर्न सक्नेछ।
८. सम्झौताका अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल

Scanned with CamScanner

# मूल्यसूचीतालिका

| क्र.सं. | विवरण | कबोल रकम (बार्षिक नेपाली रुपैयाँ) | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | दुर्गापुर बजार सम्पूर्ण क्षेत्र , क.न.पा, वडा नं. ७ | बार्षिक रु. | बार्षिक रु. |

बोलपत्रदाता (संस्था) को नामः

ठेगानाः

अख्तियारी प्राप्त व्यक्तिको नामः

अख्तियारी प्राप्त व्यक्तिको हस्ताक्षरः

सम्पर्क नं.:

इमेल ठेगानाः

संस्थाको छाप

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनवारी, झापा
कोशी प्रदेश, नेपाल

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## बोलपत्र दाखिला पत्र(Letter of Bid)

बोलपत्रदातालेआफ्नो लेटर हेडमा आफ्नो पूरा नाम र ठेगाना उल्लेख गरि यो बोलपत्र फाराम भर्नु पर्नेछ।

श्री कनकाई नगरपालिका,

मिति:........................................

जामुनबारी, झापा, कोशी प्रदेश, नेपाल।

बोलपत्रको नाम: ....................................

सम्झौता संकेतनं.:………….......................

हामी तपशिलमा दस्तखत गर्ने घोषणा गर्दछौं कि:

क. बोलपत्र सम्बन्धी फाराम हामीले सम्पूर्ण रुपमा अध्ययन एवं परिक्षण गरेकाछौँ। यस बोलपत्र सम्बन्धी फाराममा उल्लेखित शर्त हामीलाई मन्जुर छ र यस फाराम प्रति हाम्रो कुनै पनि आग्रह वा पूर्वाग्रह रहेको छैन।

ख. बोलपत्र सम्बन्धी फाराममा उल्लेखित कार्य गर्न हामी प्रस्ताव गर्दछौँ।

ग. हाम्रो कूल कबोल रकम रु.-------------------- (अक्षरमा:---------------------------------) हो।

घ. बोलपत्रको मान्य हुने अवधि बोलपत्रसम्बन्धी फाराममा उल्लेख भएबमोजिम हामीलाई बाध्यकारी हुनेछ। उल्लेखित मान्य हुने अवधि समाप्त हुने अवधि समाप्त हुनु अघि सम्म कुनै पनि समयमा बोलपत्र स्वीकार गर्नेछौं।

ङ. हाम्रो बोलपत्र स्वीकृत भएको अवस्थामा बोलपत्र फारममा उल्लेख भएको शर्त बमोजिमको कार्यसम्पादन जमानत पेश गरि सम्झौता गर्ने प्रतिबद्दता व्यक्त गर्दछौं।

च. औपचारिक सम्झौताको तयारी तथा कार्यन्वयन नभए सम्म यो बोलपत्र लगायत त्यस कार्यालयबाट बोलपत्र स्वीकृत भएको सूचना हामी बीचको बन्धनकारी सम्झौता सरह हुने छन भन्ने व्यवहोरा हामीलाई राम्रो संग जानकारी छ।

छ. **हामी यो बोलपत्र प्रकृयामा भाग लिन अयोग्य नभएको, प्रस्तावित कार्यमा हाम्रो स्वार्थ नबाझीएको र सम्बन्धित पेशा वा व्यावसाय सम्बन्धी कसूरमा हामीले सजाय नपाएको भनि लिखित रुपमा घोषणा गर्दछौं।**

ज. त्यस कार्यालय हाम्रो लगायत पेश हुन आएका कुनै बोलपत्र स्वीकार गर्न बाध्य हुने छैन भन्ने व्यहोरा हामीलाई राम्रो संगजानकारी छ।

नाम:................................

पद:................................

हस्ताक्षर/दस्तखत:................................

बोलपत्रमा हस्ताक्षर गर्न अधिकार प्राप्त व्यक्ति..............................

मिति:......................

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
कनकाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल

Scanned with CamScanner